# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
## शिद्धकुमाख गाउँपालिका
## सल्यान




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## *Serving the Nation and the People*

दूर

### दृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या:२०७६/७७
च.नं - ५२

मितिः २०७७/३/२९

श्री अध्यक्षज्यू,
शिद्ध कुमाख गाउँपालिका,
सल्यान।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ।

२०७७।३।२९
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली र सुदूरपश्चिम )

visit nepal 2020 Lifetime Experiences

पत्र संख्याः २०७६।७७
च. नं. -८२

मितिः २०७७।३।२९

श्री अध्यक्षज्यू,
शिद्ध कुमाख गाउँपालिका,
सल्यान ।

विषय :– लेखापरीक्षण प्रतिवेदन ।

**कैफियत सहितको राय**

हामीले शिद्ध कुमाख गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्वन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर वाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्वन्धित अन्य विवरणले स्थानीय तहसंग सम्वन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. २ करोड २८ लाख ६० हजार वेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२७ लाख ६७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५४ लाख २९ हजार, नियमित गर्नुपर्ने रु.३० लाख ५४ हजार र पेश्की बाँकी रु.१ करोड १६ लाख १० हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७६।६।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना १७ ( सत्र ) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले गाउँपालिकाको पेश्की वाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्यापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनवमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामापनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७६।६।२९
( चन्द्रकान्त भण्डारी )
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

# शिद्धकुमाख गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५/२०७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने सिद्ध कुमाख गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता,उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यस गाउँपालिका अर्न्तगत.५ वटा वडा रहेको, २८ सभा सदस्य, १३५९३ जनसंख्या र ८९.३६ वर्ग कि.मि. क्षेत्रफल रहेको छ । यो गाउँपालिका कर्णाली प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ वमोजिम विभिन्न स्रोतबाट प्राप्त निकासा तथा आम्दानीहरु गाउँपालिकाले स्थानीय संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोष र आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि. नं. | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **रकम** | | **विवरण** | **रकम** | **रकम** |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च(शसर्त)** | ९४९४१७८३.४० | ९४९४१७८३.४० |
| | क) नगद | १८०४६८.०२ | १८०४६८.०२ | २ | **पूँजीगत खर्च(शसर्त)** | ३०९५६०१८.०० | ३०९५६०१८.०० |
| | ख) बैंक | ३०१९८५५९.९६ | ३०१९८५५९.९६ | | **चालु खर्च(समानिकरण)** | ३९४३२५६१.८७ | ३९४३२५६१.८७ |
| २ | **राजस्व (आन्तरिक आय)** | | ०.०० | | **पूँजीगत खर्च(समानिकरण )** | ६५९०५७५५.६४ | ६५९०५७५५.६४ |
| | क) आन्तरिक राजस्व | ४१३३१३५.४२ | ४१३३१३५.४२ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ०.०० |
| | ख) राजस्व बाँडफाँड | ३६९७०५१३.०६ | ३६९७०५१३.०६ | | क) ऋण भुक्तानी | | ०.०० |
| ३ | **वित्तीय हस्तान्तरण** | | ०.०० | | ग) अन्य भुक्तानी | ९० | ९०.०० |
| | क)वित्तीय समानीकरण अनुदान | ६००००००००.०० | ६००००००००.०० | ४ | **लगानी** | | ०.०० |
| | ख) सशर्त अनुदान | ८४८२००००.० | ८४८२००००.०० | | ऋण लगानी | | ०.०० |
| | ग) समपूरक अनुदान | १११९१०००.०० | १११९१०००.०० | | शेयर लगानी | | ०.०० |
| | घ) विशेष अनुदान | ६००००००.०० | ६००००००.०० | | अन्य लगानी | | ०.०० |
| | ङ) प्रदेश तथा स्थानिय तह क्षमता विकास कार्यक्रम | ३०५०००.०० | ३०५०००.०० | | | | ०.०० |
| | च) प्रधानमन्त्री रोजगार कार्यक्रम | २८६१०००. | २८६१०००.०० | | | | ०.०० |
| | छ) स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम | ७१३०८०२ | ७१३०८०२.०० | | | | ०.०० |
| | ज) जेष्ठ नागरिक दिर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम | १२५१०००० | १२५१००००.०० | | | | ०.०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ०.०० | ५ | **धरौटी फिर्ता** | २६९७४७.०० | २६९७४७.०० |
| | क)वित्तीय समानीकरण अनुदान | ४८९८००० | ४८९८०००.०० | ६ | **कोष खर्च (विविध खाता खर्च** | १५५६९९४.२८ | १५५६९९४.२८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) सशर्त अनुदान | ०.०० | ०.०० | ७ | **मौज्दात** | | ०.०० |
| | ग) समपूरक अनुदान | १०५००००००.०० | १०५००००००.०० | | क) नगद मौज्दात | १९२९२२६६.७६ | १९२९२२६६.७६ |
| | घ) विशेष अनुदान | ०.०० | ०.०० | | ख) बैंक मौज्दात | २२४४७४५७.२६ | २२४४७४५७.२६ |
| **५** | **अन्तर स्थानीय तहबाट प्राप्त** | ०.०० | ०.०० | | | | ०.०० |
| **६** | **वित्तीय व्यवस्था प्राप्ति** | | ०.०० | | | | ०.०० |
| | घ) अन्य प्राप्ति(मालपोतवाट राजश्व प्राप्त) | १६७२२३.०० | १६७२२३.०० | | | | ०.०० |
| **७** | **विभिन्न कोषतर्फको आय ( राजश्व विभाज्य कोष खाता)** | ९२००.०० | ९२००.०० | | | | ०.०० |
| | **विभिन्न कोषतर्फको आय ( विविध कोष खाता)** | २११५९४२.० | २११५९४२.०० | | | | ०.०० |
| **१०** | **धरौंटी आय** | ८११९३५.७५ | ८११९३५.७५ | | | | ०.०० |
| **१२** | **अन्य विविध आय (संचितकोष खातामा आम्दानी )** | -१०५.०० | -१०५.०० | | | | ०.०० |
| | **जम्मा** | | **२७४८०२६७४.२१** | | **जम्मा** | | **२७४८०२६७४.२१** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछर्यौटको विवरण |
|---|---|---|---|
| १. | **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिका वाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको सभावाट मिति २०७५।३।२५ मा पारित गरेको देखियो । | | |
| २. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । हाल सम्म कुनै वडा सचिवलाई सो किसिमको अख्तीयारी दिएको छैन । ऐनको पालना गरी कार्यक्रम तथा वजेट अनुसार खर्च गरिनुपर्दछ । | | |
| ३. | **आन्तरीक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाँउपालिकाले ऐन बमोजिम आन्तरीक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याएको देखिएन ।<br>● वार्षिक खरिद योजना बनाएको छैन ।<br>● तलबी प्रतिवेदन पारित गरेको छैन ।<br>● भ्रमण अभिलेख खाता राखेको छैन । दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गरेको छैन ।<br>● कार्यालयले उद्देश्य प्रप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन ।<br>● आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २०(१) मा लागत अनुमान तयार गर्ने तथा ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था भएकोमा सो अनुरुप गरेको छैन ।<br>● पेश्की लेजर, व्यक्तिगत पेश्कीको विवरण राखेको छैन । | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | • सहायक जिन्सी खाता राखेको छैन ।<br>• योजनागत खाता राखेको छैन ।<br>• बैंक हिसाब मिलान विवरण तयार गरेको छैन ।<br>• बजेट हिसाव खाता तयार गरेको छैन ।<br>• सवारी साधन मर्मत गर्दा इन्धनको लगबुक र मर्मत गर्दा मर्मत अभिलेख खाता राखेको छैन ।<br>• एक्साभेटर, ऐम्बुलेन्स, लोडर र ट्रिपरको आम्दानी र खर्च छुट्टीने गरी अभिलेख राखेको छैन ।<br>• विभिन्न आयोजना कार्यान्वयन गर्दा आयोजनाहरु बिस्तृत अध्ययन प्रतिवेदन तयार गरेको छैन ।<br>• नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार वित्तिय विवरण तयार गरेको छैन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (४) अनुसार सार्वजानिक सेवा प्रवाहलाई पारदर्शि, उत्तरदायी र जवाफदेहि बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई गरेको छैन ।<br>• उपभोक्ता समितिद्वारा खरिद भएका पोलिथिन पाइप, ग्याबिन तार, फलामे डण्डी जस्ता निर्माण सामग्रीको गुणस्तर परीक्षण गरेको छैन । | | |
| ४. | **स्थनीय तथ्यांक र अभिले**खः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्य गर्नुपर्खछ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | | |
| ५. | **लक्ष्य प्रगतिको स्थिति :-**स्थानिय शासन सञ्चालन ऐन, २०७४ को दफा (७६) ३ मा गाँउपालिकाले कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति विवरण पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका गाँउपालिका स्तरका तथा केन्द्रिय स्तरका आयोजनामध्ये सबै आयोजनाको ऐन अनुसार चौमासिक प्रगति विवरण बनाएको छैन । कार्यालयले ऐन अनुसार प्रगति विवरण तयार गर्नुपर्दछ । | | |
| ६. | **बैंक हिसाब -** कार्यालयको श्रेस्ता र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको धरौटी समेत गत वर्षको जिम्मेवारी रु ३०३७९०२७९८ यसवर्षको आम्दानी रु.२४४४२३६४६।२३ र खर्च रु २३३०६२९५०।१९ भई श्रेस्ता अनुसार मौज्दात रु ४१७३९७२४।०२ रहेको एकिकृत आर्थिक विवरण पेश भएको छ । आर्थिक वर्षको अन्त्यमा | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछर्यौटको विवरण |
|---|---|---|---|
| | वैंक मौज्दात धरौटी समेत रु ६४६००६५१।९२ देखिन्छ । आम्दानी, खर्च, बैंक मौज्दात बाँकी बीच रु २२८६०९२७।९० फरक परेको देखिन्छ । कार्यालयले बैंक हिसाब मिलान र चेक साट्न बाँकी विवरण तयार गरेको छैन । यसरी फरक देखिएको रकम रु. २२८६०९२७।९० वैंक हिसाव मिलान विवरण पेश हुनुपर्दछ । | | |
| ७. | **संचित कोषः** स्थानीय शासन संचालन ऐन, २०७४ को दफा ७५ एक आर्थिक वर्षमा खर्च हुन बाँकी रहेको रकम संचित कोषमा स्वतः ट्रान्सफर हुने व्यवस्था छ । गाउँपालिकाको कार्यालयले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार श्रेस्ता अनुसार बाँकी रु. ४१७३९७२४।- भएकोमा बैंक अनुसार बाँकी रु ६४६००६५१।- देखिएकोले आषाढ मसान्त पछि संचित कोष खाताबाट खर्च खातामा रु २१०३४३९।- ट्रान्सफर गरी खर्च लेखेको देखियो । यसरी ऐन अनुसार आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी खर्च हुन बाँकी रकम संचितकोष फिर्ता गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भएपछि संचितकोषबाट खर्च खातामा रकम ट्रान्सफर गरी खर्च गर्दा वित्तीय अनुशासन पालना भएको देखिएन । अतः ऐन अनुसार आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी बाँकी रकम संचितकोषमा फिर्ता गर्ने गरी आर्थिक कारोबार गर्नुपर्दछ । | | |
| ८. | **सम्पत्ति व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउंपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यस गाउँपालिकामा कार्यालयले खरिद गरेका र विषयगत शाखा तथा वडामा रहेका सामानको जिन्सी खाता समेत छुट्टा छुट्टै राखेको पाईयो । विषयगत शाखाहरुमा रहेका सामानको अभिलेख गाँउपालिकामा नराखिएमा सामान हराउने, चोरी हुने र दुरुपयोग हुने भएकोले सबै विषयगत कार्यालय तथा वडामा रहेका समानको अभिलेख गाँउपालिका कार्यालयमा राख्ने र विषयगत शाखा तथा वडामा सहायक खाता राख्ने व्यवस्था हुनु पर्दछ । | | |
| ९. | **जिन्सी व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली २०६४ को निमय ५० (१) अनुसार नियम ४६,४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्रविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले जिन्सी सामानहरुको जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेको पाइएन । गाउँपालिकाले नियमको पालना गर्नुपर्दछ । | | |
| १०. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
| --- | --- | --- | --- |
| | अभिलेख तथा श्रोत नक्सांकनको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । अत ऐन अनुसार गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको नक्सांकन गरी प्रोफाईल तयार गर्नुपर्दछ । | | |
| ११. | **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार वितिय समानिकरण अनुदान, पूजिँगत तर्फ प्रथम चौमासिकमा १३.६२ प्रतिशत, दोश्रो चौमासिकमा ३४.६१ प्रतिशत, तेश्रो चौमासिकमा ५१.७५ प्रतिशत र आषाढमा २२.०४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी तस्रो चौमासिकमा बढि खर्च देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । गाँउपालिकाले यसतर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । | ि | |

| बजेट शिर्षक | कुल खर्च | प्रथम चौमासिक | | दोश्रौ चौमासिक | | तेस्रो चौमासिक | | आषाढमा | |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | | |
| वित्तिय समानिकरण पूजिँगत | ६५९०५ | ८९७८ | १३.६२ | २२८१५ | ३४.६१ | ३४११२ | ५१.७५ | १४५२८ | २२.०४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
| --- | --- | --- | --- |
| १२. | **कर्मचारी व्यवस्था** : निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ३० ( का.स.र सवारी चालक बाहेका) रहेपनि पदपूर्ति ११ रहेको देखियो । गाउँपालिकामा ३ जना अधिकृत स्तरका कर्मचारी समेत गरी १६ जनाको पद रिक्त देखिन्छ । कार्यालयले आवश्यक पद समयमा पदपुर्तिको लागि पहल गनुपर्ने देखिन्छ । | | |
| १३. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागिता मुलक, उत्पादन मुलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष योजना वनाउँदा प्राथमिकिकरण गरी मध्यम र दिर्घकालिन प्रकृतिका आयोजनाको सूचि तयार गरी कार्यान्वयन गरेको देखिएन । | | |
| १४. | **आन्तरीक आयः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ मा कार्यालयमा नगद वा वैंक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकम अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्वन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष आन्तरीक आय तर्फ रु. ४१,३३,१३५।४२- आम्दानी जनाएकोमा सो को दैनिक आम्दानी रजिष्ट्रर मा नगदी र वैंकभौचर अनुसारको आम्दानी जनाई गोश्वरा भौचर खडा गरी आम्दानी नगरी वैंक जम्मा भएको आधारमा आम्दानी जनाएको देखियो । कार्यालयबाट आर्थिक वर्ष भरी कति नगदी रसिद जारी गरियो र कति रसिदको आम्दानी प्राप्त भइ कति रसिदको आम्दानी गर्न बाँकी छ, सो देखिने यर्थाथ विवरण लेखापरीक्षणको लागि पेश भएन | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछर्यौटको विवरण |
|---|---|---|---|
| | । रसिद नम्वर र वैंक भौचरलाई दैनिक आम्दानी रजिष्टरमा पोष्टिङ्ग नगरी वैंकमा आम्दानी भएको आधारमा आम्दानी वाँधेको देखिएकोले सवै राजस्व आम्दानी भयो भनि एकिन गर्न सक्ने अवस्था रहेन । | | |
| १५. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली,२०७४ को नियम ९७ मा उपभोक्ता समितिवाट कार्य गराउने कार्यविधि उल्लेख छ । सो नियममा भएका देहायका व्यवस्था गाँउपालिकाले पालना गरेको पाइएन ।<br><br>● नियम ९७ (१२) निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने,<br><br>● नियम ९७(६) उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने,<br><br>● नियम ९७(७) उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्ने,<br><br>● नियम ९७ (९) उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरू प्रयोग गर्न नसकिनेमा प्रयोग गरेको छ ।<br><br>● (११) उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्नेमा राखेको छैन ।<br><br>उपभोक्ता समितिद्वारा गरिने निर्माण कार्यलाई व्यवस्थित तथा पारदर्शी बनाउन नियमावलीमा भएका उल्लेखित प्रावधान लागु हुनु पर्दछ । | | |
| | **वित्तिय समानिकरण पूजिँगत तर्फः** | | |
| १६. | **अनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७(४) मा उपभोक्ता समितिलाई जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने र गाउँपरिषदको २०७५।३।२५ को निर्णयमा उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनामा कम्तिमा २० प्रतिशत जनसहभागिता हुनुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत गराएका | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | देहायका योजनाहरुको निर्माण कार्यमा २० प्रतिशत भन्दा घटि श्रमदान कट्टागरी उपभोक्ता समितिलाई रु. १२५८४६३। बढि भुक्तानी गरेको देखियो । यसरी खरिद नियमावाली र गाउँपरिषदको निर्णय बिपरीत बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.......... | १२५८४६३/- | |

| ब.उ.शी.नं | भौ.नं. | योजनाको नाम | कुल प्रविधिक मूल्यांकन रकम | जनसहभागित कट्टा रकम | कट्टा गर्नु पर्ने जनसहभागिता रकम | नपुग जनसहभागिता रकम |
|---|---|---|---|---|---|---|
| गाँउपालिका पूजीगत | १४६ | भोरले खोला खा.पा. | ८५२९१८ | ५७९९६ | १७०५८४ | ११२५८८ |
| गाँउपालिका पूजीगत | १४३ | पनेरी खोला खा.प | १७१७६० | २९२६० | ३४३५२ | ५०९२ |
| गाँउपालिका पूजीगत | १४१ | नागेश्वर मन्दिर निर्माण | ३४०८८७ | ५७४९४ | ६८१७७ | १०६८३ |
| गाँउपालिका पूजीगत | १०६ | शिव मन्दिर निर्माण | ३४२९९४ | ५७९९४ | ६८५९९ | १०६०५ |
| गाँउपालिका पूजीगत | १३४ | कसैगरी खा.पा. | २२७४८६ | ३८२१५ | ४५४९७ | ७२८२ |
| गाँउपालिका पूजीगत | १०७ | जनता कालिका प्रा.वि घेरावार | ४४३८७० | ७६०८० | ८८७७४ | १२६९४ |
| गाँउपालिका पूजीगत | १०९ | टाकुरी सडक | ४५३४४९ | ७८६८२ | ९०६९० | १२००८ |
| गाँउपालिका पूजीगत | ११६ | लिफ् सिस्टम खा.पा. | १११६४७८ | १९१९६४ | २२३२९६ | ३१३३२ |
| गाँउपालिका पूजीगत | ११७ | भित्रिखोला खा.पा. | १६९७७२ | २८८९९ | ३३९५४ | ५०५५ |
| गाँउपालिका पूजीगत | १२० | छापडाँडा सडक | ७९७९२१ | १३६७२४ | १५९५८४ | २२८६० |
| गाँउपालिका पूजीगत | १३० | रातमाटा सडकपुल | २२५०९९ | ३८९९७ | ४५०२० | ६०२३ |
| गाँउपालिका पूजीगत | ७७ | भाडण चौर सडक | ५७२५७८ | ९७८५० | ११४५१६ | १६६६६ |
| गाँउपालिका पूजीगत | ७८ | दरिखोला खा.पा | ४५५५४२ | ७६७२९ | ९११०८ | १४३७९ |
| गाँउपालिका पूजीगत | ७९ | चिनालि उचाले सडक | ९१४०५४ | १५५९३६ | १८२८११ | २६८७५ |
| गाँउपालिका पूजीगत | २६ | छरोखोला खा.पा. | २३८१८८३ | २२२९९१ | ४७६३७७ | २५३३८६ |
| गाँउपालिका पूजीगत | २७ | मझगाँउ सडक | २८५०५४ | ४८४६२ | ५७०११ | ८५४९ |
| गाँउपालिका पूजीगत | ८५ | रोकागाँउ सडक | १७१२१३ | २९१६२ | ३४२४३ | ५०८१ |
| गाँउपालिका पूजीगत | ८६ | बेलेउतीघारी लिफ्ट | ९४७३८४ | ४५७२३ | १८९४७७ | १४३७५४ |
| गाँउपालिका पूजीगत | ८८ | चोरपानी खा.पा. | २८७३२४६ | ३१८०२७ | ५७४६४९ | २५६६२२ |
| गाँउपालिका पूजीगत | ८९ | देविढर्का सडक | ३४१९५२ | ५७९८८ | ६८३९० | १०४०२ |
| गाँउपालिका पूजीगत | ९१ | निराजन मा.वि भवन निर्माण | ४००९५० | ६८४५० | ८०१९० | ११७४० |
| गाँउपालिका पूजीगत | ९३ | वडा कार्यालय भवन | ३५८४८४ | ५९९२८ | ७१६९७ | ११७६९ |
| गाँउपालिका पूजीगत | ९५ | कागखोला सडक | ३२७६९० | ५८२६७ | ६५५३८ | ७२७१ |
| गाँउपालिका पूजीगत | ९५ | आमा समुह भवन | २८४४१३ | ४७७१५ | ५६८८३ | ९१६८ |
| गाँउपालिका पूजीगत | ४१ | टुप्से पिपल सडक | १०२५०८७ | १७३२२३ | २०५०१७ | ३१७९४ |
| गाँउपालिका पूजीगत | ४४ | पटारे सडक | ३४१२८० | ५७१४४ | ६८२५६ | ११११२ |
| RCIW तर्फ | २ | हात्तीजुर पानेटीखोला सिंचाई | ८८२२४९ | १६१३४३ | १७६४४९ | १५१०६ |
| RCIW तर्फ | ३ | नौघारी टुनीचौर सिंचाई | ८६१९२१ | १५३५६७ | १७२३८४ | १८८१७ |
| स्थानीय पूर्वाधार विकास | १ | चाखलिघाट कुमाख सडक | ५४५९१३७ | ९५३०५५ | १०९१८२७ | १३८७७२ |
| स्थानीय पूर्वाधार विकास | २ | हात्तीजुरे फलोट सिंचाई | १५९७२६८ | २८८४७५ | ३१९४५३ | ३०९७८ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछर्यौटको विवरण |
|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जम्मा | २५६२४०१९ | ३२८३०२६ | ५१२४८०३ | १२५८४६३ |

